

# कागती खेती

## १. परिचय

कागती खेती नेपालको मध्यपहाड, वेसी र भित्रि मधेशमा एक महत्वपूर्ण नगदे वालीको रुपमा विकसित हुँदै आइरहेको छ । व्यवसायिक रुपमा कागती खेतीको लागि तराई र भित्रि मधेशको पानी नजम्ने १०० मिटर उचाई देखि मध्य पहाडी क्षेत्रको बेशी, खोच नदी किनारा हुदै १४०० मिटरसम्मको क्षेत्र उपयुक्त हुन्छ । गुणस्तरिय फल उत्पादनको लागि दिनमा ८ देखि १० घण्टा सूर्यको प्रकाश पर्ने, तापक्रम १० देखि ३५ डिग्री सेल्सियस बीच रहने र हुस्सु नलाग्ने स्थानहरु उपयुक्त हुन्छन् ।

## २. कागतीको प्रयोग



दाल, तरकारी, अचार, सलाद र अन्य परिकारलाई स्वादिष्ट बनाउन



श्रृङ्गार तथा वास्नादार सामान बनाउन



औषधी बनाउन



काँचै खान

## ३. माटो

व्यवसायिक कागती खेतीको लागि माटोको महत्वपूर्ण भूमिका हुन्छ । जमिनको सतहबाट दुई मिटर सम्म चट्टान नभएको, पानी नजम्ने, प्रशस्त प्राङ्गारिक पदार्थ भएको पि एच ५.५ देखि ६.५ सम्म भएको दोमट माटो सबै भन्दा राम्रो मानिन्छ ।

## ४. जातहरु

नेपालमा व्यवसायिक खेतीको लागि सिफारीस कागतीका जातहरु निम्न प्रकार छन् ।

### १. सुनकागती - १

यो जात तराई, भित्रि मधेस, वेशी र मध्य पहाड क्षेत्रका पानी नजम्ने स्थानमा खेती गर्दा अषाढदेखि आश्विनसम्म मौसमी फलहरु उत्पादन लिन सकिन्छ भने केहि मात्रामा वर्षैभरी बेमौषमी उत्पादन लिन सकिन्छ । त्यसैगरी मध्य पहाडमा यसको खेती गर्दा भद्रा देखि कार्तिक सम्म मौषमी फलहरु उत्पादन लिन सकिन्छ भने केहि उत्पादन वर्षै भरी लिन सकिन्छ । यो जातको प्रतिहेक्टर उत्पादन ३०-३५ मे.टन सम्म हुन्छ ।

### २. सुनकागती-२

यो जात तराई, भित्रि मधेस, वेशी र मध्य पहाड क्षेत्रका पानी नजम्ने स्थानमा व्यवसायिक खेती गर्न सकिन्छ । यसको उत्पादन २५ टन प्रति हेक्टर सम्म हुन्छ ।

## ५. प्रसारण विधि

१. बीउबाट बिजु विरुवा उत्पादन गर्ने ।



२. वानस्पतिक प्रसारण विधिबाट कलमी विरुवा उत्पादन गर्ने ।



नेपालमा व्यवसायिक रुपमा कागतीका विरुवा उत्पादन गर्न सुट टीप ग्राफ्टिङ्ग प्रविधिको प्रयोग भएको छ । यो विधि सजिलो र धेरै प्रतिशत कलमि विरुवा उत्पादन गर्न सफल भएको पाइएको छ ।

## ६. जमीनको तयारी र बिरुवा सार्ने



**(क)**

उपयुक्त जात छनौट गरी कुनै भरपर्दो नर्सरीबाट विरुवा लिने ।

विरुवालाई माटोको गोला सहित वैशाखमा खनेको खाडलमा असार महिनामा रोप्ने



**(ख)**

बगैचा लगाउने ठाउँमा भएका वुट्यान, रुख, झाडीलाई जरैदेखि उखेलेर हटाउने ।



**(ग)**

पानीको प्रवाह निरीक्षण गरी वर्षा याममा पानीको निकासको व्यवस्था मिलाउने ।



**(घ)**

कागती ५x५ मीटरको दूरीमा लगाउन उपयुक्त हुने हुँदा उचित दुरी कायमगरी वैशाख महिनामा करीव १x१x१ वर्ग मीटरको खाडल खनेर छाड्ने ।




**(ङ)**

विरुवा लगाउनु अघि माथिको माटोलाई कुहेको गोवरमलसँग मिसाएर खाल्डोलाई पुर्ने

## ७. मलखाद

| समय | मलखादको मात्रा |
|---|---|
| जमिन तयार गर्दा | ५० के.जी. राम्ररी पाकेको कम्पोष्ट वा गोबरमललाई खाडल खन्दा निस्केको माथिल्लो भागको माटोमा राम्रोसँग मिसाई राम्ररी खादेर खाडलमा भर्ने । |
| बिरुवा रोप्दा | प्रति खाडल ५० ग्राम डी.ए.पी., ५० ग्राम यूरिया र २५ ग्राम म्यूरेट अफ पोटास विरुवा रोप्नु भन्दा पहिला माटोमा मिलाउने र बिरुवा रोप्ने । |
| बिरुवा १-२ वर्ष हुँदा | २०-२५ किलो गोबरमल, १०० ग्राम यूरिया ५० ग्राम डि.ए.पी. र १०० ग्राम पोटास प्रति वोटका दरले दिनु पर्ने हुन्छ । |
| वयस्क बोट | प्रति वर्ष ४०-५० किलो पाकेको गोबरमल, ५०० ग्राम यूरिया, २५० ग्राम डि.ए.पी. र ५०० ग्राम पोटासको आवश्यकता पर्दछ । |

**नोटः**

- यूरिया मल एक पटक हिउँदमा, एक पटक मनसुन शुरु हुनु भन्दा अगाडी र एक पटक मनसुनको अन्तमा दिँदा राम्रो हुन्छ ।
- फल फल्ने वयस्क वोटलाई मल दिँदा बोटले चारैतिर जति स्थान ओगटेको छ त्यसको वरिपरि २५ से.मी. गहिरो कुलेसो बनाई मलखाद दिनु पर्दछ । मलखाद दिएको वोटलाई मल्चिङ गरि हल्का सिंचाई गर्नु पर्छ ।

## ८. बिरुवा काट-छाँट



कागतीको विरुवालाई समय समयमा काटछाँट गर्नु पर्दछ । रुटस्टकबाट आएका अंकुराहरुलाई काटेर हटाउनु पर्दछ । विरुवा सानै हुदा देखि नै सलक्क परेका माथितिर बढेका फल नलाग्ने हाँगाहरु, आपसमा जोडिएका, सुकेका हाँगाहरुलाई काटेर हटाउनु पर्दछ । विरुवाको राम्रो आकार र बोटलाई बलियो गराउन चौडाकोण भएका हाँगाहरुलाई फरक फरक दूरीमा छनौट गरेर राख्नु पर्दछ ।

## ९. कागती बगैंचामा गोडमेल र व्यवस्थापन



**(क)**

गर्मिमा १०-१५ दिनमा र जाडोमा २५-३० दिनमा सिंचाई गरिरहने । फूल लाग्नु भन्दा एक महिना पहिला देखि सिंचाई बन्द गर्ने ।



**(ख)**

बगैंचामा झारपातहरु बढ्न नदिन पटक पटक गोडमेल र खनजोत गर्ने ।



**(ग)**

माटोमा चिस्यान जोगाउन सुकेको झारपात, पराल, गहुँको नल, खर तथा कालो प्लाष्टिक जस्ता वस्तु मध्ये कुनै एकले वोटको वरिपरिको माटोलाई छोप्ने ।



**(घ)**

हरेक वर्ष प्राङ्गारिक मल साथ साथै सूक्ष्म खाद्य तत्व वोरन, जिंक, कपर आदि नियमित रुपमा दिने

## १०. कीरा व्यवस्थापन

### १०.१ कत्ले कीराहरु (Scale Insects):



**समस्या:** कत्ले कीराहरु अचल भई फल हाँगा र पातमा टाँसिएर रस चुस्दछन् । फलको बोक्रामा दाग बनाउने हुँदा फल आकर्षक हुदैनन् । आक्रमण धेरै भएमा पात झर्ने र हाँगा नै सुक्ने हुन्छ ।

**व्यवस्थापन:** एट्सो/सर्बो एग्रो स्प्रे नामक खनीज तेल १०-२० एम.एल प्रति लिटर पानीमा मिसाई फूल फुल्नु भन्दा पहिले अर्थात पौष र माघ, जेठ देखि भाद्र सम्म १५-१५ दिनको अन्तरमा बोट पुरै भिज्ने गरी छर्कने । यस कीराबाट आक्रमण भएका वोट विरुवामा मनोसिल (मोनोक्रोटोफस) विषादी २ एम. एल. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा पुरै बोट भिज्ने गरी छर्कने ।

### १०.२ पतेरो कीरा (Green stink bug)



**समस्या:** यस कीराको माउ र बच्चा दुवैले कलीला फलहरुको भेटनुनिरबाट रस चुस्दछन् । जसको फलस्वरुप फलहरु राम्ररी छिप्पिन नपाउदै पहेंला हुन्छन् र झर्दछन् । यो कीराको प्रकोप आषढ देखि असोज सम्म निकै हुन्छ ।

**व्यवस्थापन:** मनोसिल १-२ एम एल प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा पुरै बोट भिज्ने गरी छर्कने ।

### १०.३ पात खन्ने कीरा ( Leaf Miner) :



**समस्या:** यो कीराले पातको माथिल्लो र तल्लो पत्रको बीचमा हुने हरियो भाग खान्छन् । मुख्यतया नयाँ कलीला पातमा आक्रमण गर्दछन् र कहिले कही लाभ्रेहरु विरुवाको कलीलो डाँठको बोक्राको बाहिरी र भित्रि सुरुङ्ग बनाउँदै हरियो भाग खान्छन् ।

**व्यवस्थापन:** रोगर वा मनोसील विषादी मध्ये कुनै एक २ एम. एल प्रतिलिटर पानीमा मिसाएर पुरै पात भिज्ने गरी १५-१५ दिनको अन्तरमा छर्ने ।

## ११. रोग व्यवस्थापन

### ११.१ फेद र जरा कुहिने रोग (Phytopthora rot)



बिरुवाको काण्ड, जरा वरिपरि पानी जम्ने वा बढी आर्धता भएमा यो रोग लाग्दछ। यो रोग लागेमा जराहरु कुहिन्छन्। काण्ड वरिपरिबाट सड्न थाल्दछ, पातहरु पहेलिएर झर्न थाल्दछन् र अन्त्यमा गएर पुरै बोट नै सुक्दछ ।

**व्यवस्थापन :**

- बोट बिरुवाको जरामा भरखरै रोगले आक्रमण गरेको छ भने रोगी बोटको फेदको माटो हटाई जरालाई सिकेचरले काटी हटाउने र सो ठाउँमा बोर्डो पेष्ट लगाई वा वोर्डोमिक्चरले ड्रेन्चिङ्ग गरी पुरी दिने ।
- बोट बिरुवालाई रोगको आक्रमणबाट बचाउनको लागि बोट बिरुवाहरुको काण्डमा वर्षको १ पटक माघ-फागुन महिनामा वोर्डो पेष्ट लगाउने ।

### ११.२. खराने रोग (Powdery mildew)



यो रोग लागेका हाँगा र पातहरुमा सेतो पाउडर जस्तो धुलो देखा पर्दछ । पातहरु साना हुन्छन् र परिपक्क नहुदै झर्ने गर्दछ । फल उत्पादनमा कमि हुन्छ। अन्त्यमा बोट नै मर्न सक्छ ।

**व्यवस्थापन:** रोगबाट आक्रमण भएका सुकेका मुनाहरुलाई काटछाँट गरी जलाई दिनु पर्दछ । पालुवा निस्कने समयमा क्याराथिएन नामक विषादि ०.५ एम.एल प्रति लिटर पानीमा घोली १० देखि १५ दिनको अन्तरमा २ देखि ३ पटक पुरै बोट भिज्ने गरी छर्नु पर्दछ ।

### ११.३. सिट्रस क्याङ्कर (Citrus cankar):



यो रोग लागेको पातहरुमा दुबै पट्टि काला र खैरा दागहरु देखिन्छन् । रोग बढ्दै गएमा हाँगाहरुमा पनि आक्रमण भई पातहरु झर्दछन् । फलहरुमा पनि काला खटिरा देखिन्छन् । बढी आर्द्रता यो रोगको लागि अनुकुल हुन्छ ।

**व्यवस्थापन:** रोग लागि सुकेका मुना र हाँगाहरुलाई काटेर जलाई दिनु पर्दछ । रोगको प्रभावकारी व्यवस्थापनको लागि १ प्रतिशतको वोर्डो मिश्रण फागुन, जेष्ठ र असोज महिनामा बोट विरुवाहरुमा छर्नु पर्दछ ।

## १३. फल टिप्ने समय र उत्पादन

कागतीका फलहरुमा चिल्लोपना आउना साथ फल टिप्नका लागि तयार भएको बुझ्नु पर्दछ । कागतीको फलले पूर्ण आकार लिएपछि चिल्लोपना आएको फलमा अमिलोको मात्रा प्रशस्त हुन्छ । जात अनुसार उत्पादन फरक हुन्छ । तर २० देखि ३५ टन प्रति हेक्टर उत्पादन हुन्छ ।

## १४. उत्पादन र वित्तिय विश्लेषण र बजार ब्यवस्था:

देशका प्रमुख शहरमा खपत हुने कागतीको आयातमा बर्षेनी करोडौं रुपैयाँ नेपालबाट भारत तर्फ गईरहेको छ । नेपालको मध्यपहाड, वेसी र भित्रि मधेशमा कागतीका मौसमी र वेमौषमी जातहरुको खेतीलाई ब्यापक रुपमा ब्यवसायिकरण गर्न सक्ने हो भने कागती खेती आय आर्जनको लागि राम्रो श्रोत बन्न सक्ने देखिन्छ ।

हाल नेपालमा कागतीको बजार माग दिन प्रतिदिन बढी रहेको छ । चार वर्ष पछि एउटा कागतिको वोटले न्यूनतम १००० दाना कागती उत्पादन गर्दा एक हेक्टर बाट वार्षिक रुपमा घटिमा ७ लाख दाना सम्म फल्ने अनुमान गर्न सकिन्छ । उत्पादित कागतिलाई प्रति गोटा रु. ३ का दरले किसानको बगैंचाबाट विक्रि गर्न सकिने अनुमान छ ।

## हरियो वन कार्यक्रम

USAID अमेरिकी जनताबाट
WWF care FECOFUN NTNC

**डब्लुडब्लुएफ नेपाल**
पोष्ट बक्स नम्बर ७६६०, बालुवाटार, काठमाडौं, नेपाल
फोन: +९७७ १ ४४३८२०, फ्याक्स: +९७७ १ ४४३८४५८
इमेल: hariyobanprogram@wwfnepal.org, info@wwfnepal.org
वेभसाइट: wwfnepal.org/hariyobanprogram

*"यो ब्रोसर अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु लेखकको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।"*